# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ६४ | काठमाडौं | सोमबार, ११ असार २०८० | Prabhab National Daily | Monday, June 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**चट्याङको समयमा सतर्क रहौं**

**चट्याङबाट बच्ने उपाय :**
- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


६ महानगरको बजेट

# पाँच महानगर बराबर काठमाडौंको बजेट



## काठमाडौं महानगर
आव २०८०/८१: २५ अर्ब ५४ करोड
आव २०७९/८०: २५ अर्ब ४१ करोड



## भरतपुर महानगर
आव २०८०/८१: ६ अर्ब ३१ करोड
आव २०७९/८०: ६ अर्ब २१ करोड



## पोखरा महानगर
आव २०८०/८१: ७ अर्ब १५ करोड
आव २०७९/८०: ८ अर्ब ७७ करोड



## विराटनगर महानगर
आव २०८०/८१: ३ अर्ब २८ करोड
आव २०७९/८०: ३ अर्ब ६२ करोड



## ललितपुर महानगर
आव २०८०/८१: ६ अर्ब ५० करोड
आव २०७९/८०: ७ अर्ब ५० करोड



## वीरगञ्ज महानगर
आव २०८०/८१ : ३ अर्ब २१ करोड
आव २०७९/८० : ३ अर्ब ३३ करोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकका छ वटै महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमानित आय र व्ययको विवरण (बजेट) सार्वजनिक गरेका छन् । सबैभन्दा ठूलो बजेट ल्याएको काठमाडौं महानगरले चालु आवको तुलनामा आकार बढाउँदा बाँकी महानगरले घटाएका छन् । पोखरा र ललितपुरले बजेटमा भारी कटौती गरेको देखिन्छ। महानगरहरूमध्ये वीरगञ्जको बजेट सबैभन्दा सानो आकारको छ ।

काठमाडौं महानगरले आगामी आवका लागि २५ अर्ब ५४ करोडको बजेट ल्याएको हो । छ महानगरमध्ये काठमाडौं एकातिर र अरु पाँच महानगर अर्कोतिर राख्दा पनि बराबर हुन आउँछ । अर्थात् पोखरा, ललितपुर, भरतपुर, विराटनगर र वीरगञ्जको बजेट जोड्दा २६ अर्बको हाराहारीमा पुग्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्थाअनुसार स्थानीय तहहरूले आइतबार नगर/गाउँसभामा बजेट पेस गरेका हुन् । उक्त ऐनको दफा ७१ अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने व्यवस्था छ । यद्यपि, कतिपय स्थानीय तहले आइतबार बजेट प्रस्तुत गरेनन् । यसको यकीन तथ्यांक भने आइसकेको छैन ।

### काठमाडौंको २५ अर्ब ५४ करोड

काठमाडौं महानगरले आगामी आवका लागि २५ अर्ब ५४ करोड ७८ लाख रूपैयाँको बजेट ल्याएको छ । महानगरकी उपप्रमुख सुनिता (बाँकी पृष्ठ २ मा)

पशुपतिको जलहरी प्रकरण

# तौलिँदा पुग्ला त १०८ किलो सुन ?

अनुसन्धान अधिकृतको टोली खटिएको छ । अनुसन्धान सूक्ष्म रूपमा भइरहेको छ । स्थलगत रूपमा प्रमाण संकलन भइरहेकाले अहिले सार्वजनिक जानकारी दिन मिल्दैन ।



■ **भोला दाहाल**
प्रवक्ता, अख्तियार दुरूपयोग अनुसन्धान आयोग

- सुनबाट निर्मित जलहरीको टुक्राटुक्रा तौलिन निकालियो
- सिसिटिभी जडित क्षेत्रमा जनप्रतिनिधि, प्रहरी, विज्ञहरु
- १० किलो ९७६ ग्राम सुन गायब पारिएको आरोपमाथि अनुसन्धान जारी
- जलहरी १०८ किलोको बनाउने भनिएको थियो

■ **जेबी योञ्जन**

**काठमाडौं–** पशुपतिनाथ मन्दिरमा लगाइएको सुनको जलहरी न्यून तौलको भएको भनी परेको उजुरीमाथि अनुसन्धान गरिरहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आइतबार जलहरी निकालेर अनुसन्धान थालेको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा लगाइएको जलहरीबाट करिब ११ किलो सुन गायब पारिएको आरोप छ ।

आयोगको अनुसन्धान टोलीले आइतबार मन्दिर पुगेर जलहरी निकालेको हो । निकालिएको जलहरी अब तौलिने बताइएको छ । सुनको गुणस्तर पनि मापन गरिने अख्तियार प्रवक्ता भोला दाहालले बताए । यद्यपि, अनुसन्धानकै क्रममा रहेकाले जलहरीमा भएको सुनको परिमाण र गुणस्तरबारे उनले भन्न चाहेनन् ।

'अनुसन्धान अधिकृतको टोली खटिएको छ । अनुसन्धान सूक्ष्मरूपमा भइरहेको छ,' दाहालले प्रभावसँग भने, 'स्थलगतरूपमा प्रमाण संकलन भइरहेकाले अहिले सार्वजनिक जानकारी दिन मिल्दैन ।'

अख्तियारको टोलीले करिब एक क्विन्टलको जलहरी विभिन्न भाग मिलाएर जडान गरेकाले टुक्राटुक्रा पारेर मात्रै निकालेको थियो । नापजाँचको दृश्य रेकर्डका लागि अस्थायीरूपमा सिसिटिभी क्यामरा जडान गरिएको छ । साक्षीका रूपमा काठमाडौं महानगरपालिकाको वडाका प्रतिनिधि, प्रहरी वृत्त गौशालाको टोली, पशुपति क्षेत्र विकास कोष र पुजारीहरूलाई राखिएको छ । अख्तियारका अनुसन्धान अधिकृत नेतृत्वको टोलीमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल सुनचाँदी व्यवसायी संघ र नापतौल विभागका अधिकारीहरू छन् ।

महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा जलहरीमा कैफियत रहेको औंल्याइएको थियो । प्रतिवेदनअनुसार निर्मित जलहरी, जलधारा, नाग, नागमूर्ति सुनको किलालगायतमा प्रयोग भएको सुनको तौल ९६ किलो ८२२ ग्राम रहेको छ । बाँकी रहेको सुन १० किलो ९७६ ग्रामको रिङ बनाई जलहरीमा लगाएको भनिए पनि पुष्टि हुने विवरण पेस नभएको प्रतिवेदनमा उल्लेख छ । रिङ बनाएको भनिएको सुनको बजार मूल्य सात करोड ८६ लाख ४६ हजार रूपयाँ बराबर हुन आउँछ ।

महालेखापरीक्षकको कार्यालयले औंल्याएको यही विवरणलाई आधार मानेर सत्तारुढ दल नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले गत १० जेठमा संसद्मा प्रश्न गरेका थिए । उनको प्रश्न प्रमुख विपक्षी दल एमालेका अध्यक्ष ओलीलक्षित थियो । उनले भनेका थिए, 'पशुपतिमा जडान गरिएको जलहरी सुन कि पित्तलको ?'

जलहरीमा गढबढ भएको भनिएको विषयलाई दाहालले संसद् प्रवेश गराएपछि एमाले सांसदहरूले पूर्वप्रधानमन्त्रीसमेत रहेका आफ्ना अध्यक्षको प्रतिरक्षा गर्न संसद् अवरुद्ध पारेका थिए । तर, प्रधानमन्त्री पुष्पकमल दाहालले जलहरीको विषय अख्तियारले र पशुपति क्षेत्र विकास कोषको जिम्मेवारी क्षेत्रमा पर्ने भन्दै ओलीलक्षित सांसद दाहालको लाञ्छनायुक्त अभिव्यक्तिलाई संसद्को अभिलेखबाट हटाउन लगाएका थिए ।

त्यसपछि मात्रै एमाले सांसदहरूले संसद्मा गठबन्धन सरकारको बजेट पेस गर्न अर्थमन्त्री डा. प्रकाशशरण महतलाई मार्गप्रशस्त गरेका थिए । प्रधानमन्त्री छँदा ओलीले जलहरी लगाउन भनेर ३० करोड रूपैयाँ सरकारले दिने घोषणा गरेका थिए । नभन्दै घोषणा गरेअनुसार बजेट दिए पनि । यसमा पशुपति क्षेत्र विकास कोषले ५० करोड रूपैयाँ थपेर ८० करोडमा जलहरी लगाएको हो । (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# छनोटमा नपरेपछि आन्दोलनमा उत्रिए 'कोरिया रिटर्नी'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियामा पाँच वर्षे रोजगार अवधि पूरा गरी फर्किएका 'रिटर्नी' श्रमिकहरू आन्दोलित भएका छन् । उनीहरूले पुनः कोरिया जान नपाएको भन्दै आइतबार ग्वार्कोस्थित रोजगार अनुमति प्रणाली (इपिएस)को कार्यालय अगाडि प्रदर्शन गरेका हुन् ।

सन् २०२२ मा इपिएस भाषा परीक्षा पास गरे पनि छनोट नगरिएकोप्रति उनीहरूको गुनासो छ । प्रदर्शनमा सहभागीहरूले आफूहरूको नाम रोजगारदातासमक्ष नपठाएको भन्दै विरोध जनाए । इपिएस कार्यालयले फाइल अगाडि नबढाउनुमा आर्थिक चलखेल भएको हुनसक्ने आशंकासमेत उनीहरूले व्यक्त गरे ।

झण्डै चार हजारको हाराहारीमा कोरिया रिटर्नीहरूले युबिटी परीक्षा पास गरी कोरिया जाने रोस्टरमा सूचीकृत भए पनि नाम छनोट प्रक्रिया अघि नबढाइएको आरोप छ । नाम निस्किएका उनीहरू अझै कोरिया जान प्रतीक्षारत छन् ।

कोरियाको कामसम्बन्धी अनुभव र नियम पालना गर्दै नेपाल फर्किएर पुनः परीक्षा पास गरे पनि इपिएस कार्यालयले पुराना कामदारको फाइल छनोट प्रक्रियामा नै नलगी अन्याय गरेको उनीहरूको भनाइ छ । कोरिया रिटर्नीले पनि नयाँजत्तिकै अवसर पाउनुपर्ने माग उनीहरूको छ ।

'इपिएस पास गरेका नयाँहरू धमाधम छनोट भइरहेका छन्,' आन्दोलनमा सहभाथी एक युवाले भने, 'इपिएस शाखा र एचआरडी कोरियाले हाम्रो नाम र फाइल नै रोजगारदातासम्म पुऱ्याएकै छैन ।' छनोटका लागि रोजगारदातासम्म नाम पुगेको भए इपिएस कार्यालयले दिएको आइडीको अधारमा जानकारी हुने उनले बताए ।

रोजगारीको अवधि पूरा भएपछि कतिपय व्यक्ति कोरियामै लुकेर बस्ने गरेको यथार्थ हुँदाहुँदै पुनःपरीक्षा दिएर फेरि कोरिया जान पाउने भएपछि नेपाल फर्किएर परीक्षामा सहभागी भएको प्रदर्शनमा सहभागि अर्का युवाले बताए । प्रक्रियागत रूपमा परीक्षामा सामेल भई पास भएपछि सबैलाई कोरिया लैजानुपर्ने उनीहरूको माग छ । रोस्टरमा परेका पाँच प्रतिशत पनि रिटर्नी कोरिया जान नपाएको उनीहरूको दाबी छ । रोस्टरमा रहेका कामदारलाई पठाइसकेपछि मात्र नयाँ रोस्टर तयार गर्नुपर्ने, नयाँ र पुरानोको फाइल सँगै अघि बढाउनुपर्ने, रिटर्नीहरूलाई पुरानै कम्पनीले छनोट नगरे नयाँ रोजगारदातासमक्ष फाइल पेस गर्नुपर्ने, रिटर्नीहरूको समस्या समाधान नगरी कुनै पनि किसिमको भाषा परीक्षा सञ्चालन नगर्न उनीहरूले माग गरेका छन् । माग सम्बोधन नभएसम्म प्रदर्शन नरोकिने चेतावनी उनीहरूले दिएका छन् ।

इपिएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले पनि रिटर्नीहरूको माग जायज भएको स्वीकार गरे । उनले यस विषयमा एचआरडी कोरियासँग कुरा राखेको जानकारी दिए । आन्दोलनरत पक्षसँग छलफल भई श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयमार्फत कूटनीतिक पहल गर्ने सहमति भएको निर्देशक कटुवालले बताए ।

## 'समस्या समाधानका लागि पहल गरिरहेका छौं'



**पुष्पराज कटुवाल**
**निर्देशक, इपिएस कोरिया शाखा**

एकपटक कोरिया गएर नेपाल फर्किएका कामदारलाई रोजगारदाताले नगन्य मात्रामा छानेको देखिन्छ। अहिले प्रदर्शनमा आउनुभएका रिटर्नीहरूले नयाँ र पुरानोबीच विभेद भयो भन्नुभएको कुरा सही हो । नयाँ सबैलाई छान्ने अनि पुरानोलाई कम छान्नु त्यति न्यायोचित भएन, यसमा विभेद नै देखिन्छ । रोजगारदाताले कामदार छान्दा पनि पुरानो र नयाँ भन्नु नपर्ने हो । यस विषयमा हामीले एचआरडी कोरियासँग पनि कुरा राखेका छौं ।

रिटर्नीहरूसँगको छलफलमा हाम्रो श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत कुटनीतिक पहल गर्न समस्या उल्लेख गरी पत्राचार गर्ने र रोस्टरमा संख्या धेरै हुँदाहुँदै अर्को संख्या थप्ने गरी परीक्षा नहुने प्रतिबद्धता गरिएको छ । रोस्टरमा रहेकाहरूलाई पूरानै कम्पनी वा रोजगारदाताले लिन चाहान्छन् भने त्यसको लागि पहल गर्न एचआरडी कोरियालाई आग्रह गर्ने निर्णय गरेका छौं । रोजगारदातासमक्ष फाइल नपठाएको भन्ने आक्षेप पनि लागेको छ । यसमा इपिएस प्रणाली बुझ्न जरुरी छ । सबै प्रक्रिया पूरा गरेर जब एसप्लकेसन भरेर कोरिया पठाइसकेपछि रोस्टरमा सूचीकृत हुने भएकाले हामीले पठाएनौं भन्न मिल्दैन । तर, रोजगारदाताले नै रोस्टरबाट पुरानाहरू छानेको देखिँदैन ।

इपिएस परीक्षा पास गरेका सबै योग्य भए पनि कोरिया जाने ग्यारेण्टी हुँदैन । तर, ठूलो संख्यामा जान नपाउनुमा चाहिँ केही त्रुटि पक्कै छ । नयाँ-पुरानो मिलाएर लगेको भए यो समस्या आउने थिएन । रोस्टरको मिति दुई वर्षको हुने हुँदा अझै लैजाने समय प्रशस्तै छ । कामदार जाने प्रक्रिया सुरु भएको पाँच-छ महिना भयो ।

नयाँ सकिएपछि पुरानैबाट लैजाने पनि हुनसक्छ । अवसर आउन बाँकी नै छ तर पनि रिटर्नीहरूको समस्या नबढोस्, काममा अनुभवी भएको हिसाबले रोजगारदाताले छान्ने वातावरण होस् भन्दै 'कन्भिन्स' गराउनेतिर हाम्रो पहल रहन्छ ।

यो समस्या समाधानमा जिटुजी नै कुराकानी हुनुपर्छ । रोजगारदाताले नै छनोट नगरेको विषय एचआरडी कोरियाले मात्रै समाधान गर्न सक्छ जस्तो लाग्दैन । त्यसका लागि सरकार-सरकारबीच नै नीतिगत पहल हुनुपर्छ ।


**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
**सादर निमन्त्रणा**

**श्रीमान् सञ्चालकज्यू**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं स्थपना दिवसको अवसरमा रक्तदान तथा सांस्कृतिक कार्यक्रम, पूर्वअध्यक्षसहित विशिष्ट व्यक्तिहरूलाई सम्मान र संघ कार्यसमितिले स्थापना गरेको CRS कोषमा संकलित रकम सोही प्रयोजनमा हस्तान्तरणलगायतका विविध कार्यक्रम आयोजना गर्न लागिएको हुँदा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम विवरण**
मिति : २०८० असार १७ गते (आइतबार)
स्थान : होटल आनन्द तिलगंगा, काठमाडौं
समय : बिहान ८:०० बजे

**डिक बहादुर खत्री (कुमार)**
का.वा. अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८

# भरतपुरलाई वातावरणमैत्री महानगर बनाइने

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर महानगरपालिकालाई हरियाली र स्वच्छ सहर बनाइने भएको छ । महानगरपालिकाको आइतबार भएको १३औं नगरसभामा नगरप्रमुख रेनु दाहालले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै 'हाम्रो सहर, हरियाली तथा स्वच्छ सहर' अवधारणालाई अघि बढाइने बताएकी हुन् ।

नीति तथा कार्यक्रममा सडक, मिडियन गार्डेन, सडक आइल्यान्ड, पार्क, मनोरञ्जनस्थल र खाली स्थान एवं चोकमा हरियाली वातावरण सिर्जना गरी मनमोहक तथा वातावरणमैत्री महानगर बनाउन एक परियोजनाका रूपमा हरियाली प्रवर्द्धन कार्यक्रमको थालनी गरिने उल्लेख छ ।

केन्द्रीय बस टर्मिनलदेखि आँपटारीसम्मको बाइपास रोडलाई हरित नमूना सडकका रूपमा विकास गरिने कार्यक्रममा उल्लेख छ । गोन्द्राङ-पुल्चोक सडकको दायाँबायाँ किनारमा हरियाली प्रवर्द्धन गर्न ठूला हुर्किएका रुख रोपण र संरक्षण गरिने जनाइएको छ । 'एक घर दुई रुख'को नीति कडाइका साथ कार्यान्वयन गरिने कार्यक्रममा उल्लेख गरिएको छ ।

घरको नक्सा निर्माण सम्पन्न लिन अनिवार्यरूपमा रुख रोपी संरक्षण गरेको प्रतिवेदन संलग्न गर्नुपर्ने नीति महानगरले ल्याएको छ । 'एक वडा एक पार्क' निर्माणको नीतिलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । 'वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि सबै सँगसँगै'को सामूहिक भावनाका साथ व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत स्वच्छ वातावरण र हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र तथा व्यावसायिक संघ संस्थासँग समन्वय र सहकार्य गरिने कार्यक्रममा उल्लेख छ ।

वातावरणीय सन्तुलन कायम गर्न टेवा पुऱ्याउने गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई निःशुल्क रूपमा बिरुवा वितरण गरी वृक्षरोपण र संरक्षणको व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा भनिएको छ । महानगरको समृद्धि र विकासका लागि सडक पूर्वाधारलाई प्राथमिकता दिँदै सामाजिक तथा आर्थिक विकासलाई पनि सँगसँगै अगाडि बढाउन कृषि, वातावरण तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, दलित, सीमान्तकृत, लोपोन्मुखलगायतका क्षेत्रको सन्तुलित र दिगो विकासको अवधारणालाई आत्मसात् गरिएको नीति तथा कार्यक्रममा उल्लेख छ । फोहोरमैला व्यवस्थापन निजी क्षेत्रको सहकार्यमा गर्न अन्तिम चरणमा पुगेको कार्यक्रममा उल्लेख छ ।

महानगरलाई सुन्दर र व्यवस्थित बसोबासयुक्त बनाउन मापदण्डविपरीत निर्मित संरचना हटाउने कार्य अगाडि बढाइएको महानगर प्रमुख दाहालले बताइन् । कृषिमा यन्त्रिकीकरण, दूधमा प्रतिलिटर तीन रूपैयाँ अनुदान र छात्रासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

सन् २०२४ मा दुई लाख पर्यटक भित्र्याउनेगरी भरतपुर भ्रमण वर्ष मनाउने योजनाअनुरूप सूचना प्रविधिसँग जोड्न महानगरपालिकाभित्रका ३० वटै पर्यटकीय गन्तव्यको सम्पूर्ण जानकारी अंग्रेजी र नेपाली भाषामा दिइने गरी मोबाइल एपको निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । 'व्यवस्थित पूर्वाधार, समृद्धिको आधार'को अवधारणाबमोजिम महानगरपालिकालाई समृद्ध, स्वच्छ, सफा, हरियालीयुक्त र सुरक्षित महानगरका रूपमा विकास गर्न एकीकृत सहरी विकास गुरुयोजना तयार गरी व्यवस्थित, सन्तुलित र दिगो सहरी पूर्वाधार निर्माणमा प्राथमिकता दिइएको छ ।

सहरी क्षेत्रमा सडक कालोपत्रसँगै प्रशोधनसहितको ढल निकासका लागि खानेपानी तथा ढल व्यवस्थापनसम्बन्धी मेगा आयोजना सञ्चालनमा ल्याइने भएको छ । 'उज्यालो भरतपुर' कार्यक्रमअन्तर्गत नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रमा स्मार्ट सडक बत्ती, हाई मास्ट एवं मिनी मास्ट बत्ती जडान र विस्तारको कार्यलाई निरन्तरता दिइने कार्यक्रममा उल्लेख छ ।

महानगरको शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि योजनाबद्धरूपमा कार्यक्रम अगाडि बढाउने उद्देश्यले सरोकारवालाको सहभागितामा तयार पारिएको शिक्षाको १० वर्षे रणनीति कार्यान्वयनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ । विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन गरिने भएको छ । शिक्षालाई व्यावहारिक जीवनसँग जोड्न सबै विद्यार्थीलाई नियमित पठनपाठनका अतिरिक्त हरेक शुक्रबार रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी गराउन 'मौलिक र व्यावहारिक शुक्रबार' अभियान कार्यान्वयनमा ल्याइने भएको छ । उक्त दिन पाठ्यपुस्तकरहित सिकाइका क्रियाकलाप गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIDS GARDEN COMPANY FOR MANAGING KIDS NURSERIES

पुर्व स्वीकृति मिति २०८०/०३/१० | LT No : 288208 | चलानी नं. ६०२०३६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 9 | 90 | ३८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EIGHTY BEAUTY SALOON COMPANY FOR LADIES

पुर्व स्वीकृति मिति २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१० | LT No : 281464 | चलानी नं. ६०१९६९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE / PEDICURE | 0 | 15 | 140 | ५९,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HINT SALON CO.FOR LADIES BEAUTY

पुर्व स्वीकृति मिति २०७९/१२/६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/१० | LT No : 282986 | चलानी नं. ६०१९८४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 3 | 90 | ३८,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 3 | 150 | ६४,६७५ | | | | | | | |
| 3 | Manicurist | 0 | 4 | 150 | ६४,६७५ | | | | | | | |
| 4 | Massage Therapist | 0 | 3 | 150 | ६४,६७५ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६४,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DONG SING FOOD LINK SDN BHD

पुर्व स्वीकृति मिति: २०८०/०३/१० | LT. No. 288489 | चलानी नं.६०२०३७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क:निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**    श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAXIM DIM SUM RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० | LT. No. 275659 | चलानी नं. ६०१९१५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ACOTECH SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० | LT. No. 284062 | चलानी नं. ६०१९९५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ADVANCED PIPING SOLUTIONS COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No.288422 | चलानी नं. ६०२०३७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 8 | 0 | 1650 | ५७,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MATAJER AL SEIF DEVELOPMENT AND INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No.288420 | चलानी नं. ६०२०३७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | upload and download labor | 52 | 0 | 1000 | ३४७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN MULTILINK TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No. 288246 | चलानी नं. ६०२०३७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 30 | 0 | 1000 | ३५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOKO FURNITURE MANUFACTURER SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No. 288441 | चलानी नं. ६०२०३६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YS YAT SHING ENGINEERING WORKS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No. 288452 | चलानी नं. ६०२०३६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : T STAINLESS STEEL WORKS SDN.BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No. 288440 | चलानी नं. ६०२०३६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SHT SETIA HARDWARE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० | LT. No. 275870 | चलानी नं. ६०१९१५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 17 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क:निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARRIYADH CHINA MEDICAL CENTER CO

पूर्व स्वीकृति मिति : २०८०/०३/१० | LT. No. 288425 | चलानी नं. ६०२०३६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Handicap Care Assistant | 1 | 0 | 1500 | ५२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**    Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :WALAA AHMED BIN HUSSEIN AL-BUHMOUD FOUNDATION FOR GYPSUM DECORATION

पुर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No. 288354 | चलानी नं. ६०२०३७३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Decorative Painter. | 2 | 0 | 1200 | ४१,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Upload And Download Worker | 2 | 0 | 1000 | ३४,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू.१,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: +977-1-5551901, 5011620, Fax: 977-1-5542407
E-mail: kmpower@wlink.com.np
Website: www.kapeelmanpower.com


कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

## बोलपत्र स्वीकृती गर्ने आशयपको सुचना

**प्रकाशन मिति : २०८०/०३/११ गते**

यस कार्यालयको मिति २०७९।१०।१८ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार देहायको कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतीको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ दिने स्वीकृती गर्ने आसयको सुचना प्रकाशित गरिएको व्यहोरा यसै सुचनाबाट जानकारी गराइन्छ ।

तपशिल

| क्र.स. | ठेक्का नं | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल गरेको रकम (Without VAT & Provisional sum) | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/DFORW/WORKS/01/2079/080 | Construction of One District One Tourism Product Khara Janayuddha Sangrhalaye | Jambudip-J.B.G. Joint Venture | ११,४०,९४,५०७.६२ (अक्षेरूपी एघार करोड चालिस लाख चौरानब्बे हजार पाचँ सय सात रूपैंयाँ बैसट्ठी पैसा ।) | |

डिभिजन वन कार्यालय रुकुम पश्चिम

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# खारेजी होइन सुधार

नेपालको संविधान २०७२ मा संस्थागत भएको एउटा राजनीतिक उपलब्धि समानुपातिक निर्वाचन प्रणाली हो । नेकपा माओवादीको नेतृत्वमा भएको १० वर्षे सशस्त्र द्वन्द्व र दोस्रो जनआन्दोलनको पृष्ठभूमिमा नयाँ नेपाल निर्माणको अभियानमा देशका सबै वर्ग र जातजातिलाई जनसंख्याको आधारमा राज्यसत्तामा सहभागी गराउन यो निर्वाचन प्रणालीको व्यवस्था गरिएको हो ।

किनभने, सदियौंदेखिको एकल जातीय, वंशीय र निरंकुश शासन व्यवस्थाले उत्पीडित, सीमान्तकृत र बहिष्कृत हुन परेका जाति, वर्ग र समुदायमा मानिसहरू राज्यको मूल प्रवाहदेखि धेरै टाढा थिए । अहिले पनि छन् । उनीहरूको संसद्मा प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणाली पहिलो संविधान निर्वाचन २०६४ देखि कार्यान्वयनमा ल्याइएको हो । तर, अहिले आएर यो प्रणालीको मूल मर्ममाथि राजनीतिक दलहरूले गम्भीर प्रहार गरेका छन् ।

सीमान्तकृत, बहिस्कृत र अल्पसंख्यक समुदायका नागरिकलाई नीति निर्माण तहमा ल्याउनुभन्दा पनि आफ्नै परिवारका सदस्य, नभए आफन्त, यदि आफन्त पनि नभए आफू र पार्टीलाई लाखौंलाख पैसा दिने व्यवसायीलाई सांसद बनाउने गरेका छन् । यसरी समानुपातिक निर्वाचन प्रणालीलाई दलहरूले विद्रूप बनाए । आलोचनायोग्य बनाए । एकै जनालाई बारम्बार समानुपातिक निर्वाचन प्रणालीको लाभग्राही बनाइयो ।

यसको उपयुक्त उदाहरण हुन्– देशको पाँचपटकसम्म प्रधानमन्त्री भइसकेका कांग्रेस सभापति शेरबहादुर देउवापत्नी डा. आरजु राणा । जो जनमतबाट निर्वाचित भएर भन्दा पनि समानुपातिक प्रणालीबाटै तीनपटक संसद् पुगिन् । उनी त प्रतिनिधिमूलक पात्र हुन् । पहुँजवालाहरू नै समानुपातिक प्रणालीमा १६ वर्षयता बोलवाला रहे र त बारम्बार सांसद भए । अहिले पनि स्थिति त्यस्तै छ । यस्तो अवस्थाबीच लामो समयदेखि राज्यसत्ताले नै बहिस्कृत, सीमान्तकृत र उत्पीडित पारेका जाति र समुदायलाई संसद्मा ल्याउने प्रणालीको विरुद्धमा आवाज सुनिन थालिएको छ ।

जबकि, प्रणाली कार्यान्वयनमा समस्या देखिँदा सुधार गर्नुपर्छ । तर, प्रणाली नै खारेजको आवाज पछिल्ला दिनमा अलि चर्को स्वरमा सुनिन थालिएको छ । यसलाई औंलामा रोग देखिए, उपचार होइन, काटेरै फाल्नुपर्ने असंगतिपूर्ण तर्कसँग जोडेर हेर्न सकिन्छ । जुन सान्दर्भिक र उचित होइन । बरु, समानुपातिक निर्वाचन प्रणालीको जुन लक्षित वर्ग, जाति र समुदाय हो, उनीहरूलाई संसद्मा पुऱ्याउन किन सकिएन ? कारण के ? कसरी पुऱ्याउन सकिन्छ ? यो बहसयोग्य मुद्दा हो । तर, उल्टो प्रणाली नै खारेज गरौं भन्नु संविधानसँगै उत्पीडित, बहिस्कृत र सीमान्तकृत समुदायविरोधी अभिव्यक्ति हो । संघर्षबाट प्राप्त उपलब्धिमध्येको एक महत्त्वपूर्ण यस प्रणालीमाथि प्रहार हुनु स्वीकार्य हुँदैन । बरु यो प्रणालीको दुरूपयोग रोकेर जुन मर्मका आधारमा व्यवस्था गरिएको हो त्यसैअनुरूप कार्यान्वयनमा दलहरूको ध्यान जान जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो । दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए ।

यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ । सबै अतिथि आदरसाथ आसनबाट उठे। प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले । बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो । चन्द्रगुप्त आसनमा बसे । नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए । सबैतिर स्तब्ध वातावरण थियो ।


आचार्यका संकेतले राजभट्टले चन्द्रगुप्तको प्रशंसागीत गाए । त्यसपछि चाणक्यले सबै पाहुनाको स्वागत गर्दै भन्न लागे-

'उपस्थित मान्यवर अतिथिहरू, भूपतिहरू र नागिरक । यस आर्यावर्तको इतिहासमा आजको दिन अत्यधिक महत्त्वको हुनेछ किन कि, यो विशाल मगध देशको बागडोर तपाईंहरूले यस्तो वीर र बुद्धिमान पुरुषलाई सुम्पिनुभएको छ । जसले गौरवशाली राष्ट्रको गौरव अझ माथि शिखरमा पुर्‍याउनेछ । जसका आधिपत्यले सम्पूर्ण प्रजा निर्भय र सुखले रहन सक्छन्, यो म सबैलाई विश्वास दिलाउँछु । हामी सबैसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छौ तर कसैले हाम्र राज्यमा आफ्नो कुचकको जाल फैलाउन चाहन्छ भने वा षडयन्त्र गर्छ भने उसलाई समुचित पाठ पढाउन पनि हामी सक्षम हुनेछौं ।'

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे । हपका तालीसहित राष्ट्रगीत गाइयो । त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो ।

हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो । घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो-

'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।' क्रमशः



# मेलम्चीलाई दिगो बनाएर लार्के र याङ्ग्रीको काम सुरु गर्दै छौं

**महिन्द्रराय यादव**
खानेपानीमन्त्री

*प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको उच्चस्तरीय सरकारी टोलीले यही असार २ गते राष्ट्रिय गौरवको परियोजनाका रूपमा रहेको मेलम्ची खानेपानीको स्थलगत अनुगमन गरेको थियो । काठमाडौं उपत्यकाको खानेपानीको प्रमुख स्रोतका रूपमा रहेको मेलम्ची आयोजना वर्षा लागेपछि चल्छ कि चल्दैन वा पानी आउँछ कि आउँदैन भन्ने दोधारमा रहने गरेको छ । २०७८ असार १ मा आएको बाढीले आयोजनाको संरचना बगाएको थियो । प्रधानमन्त्री दाहालले अनुगमनको क्रममा आयोजनाको दिगोपनका अलावा स्थानीयबासीको माग सम्बोधन गर्ने प्रतिवद्धतासमेत जनाए । मेलम्चीले पानी दिएर काठमाडौंबासीलाई लगाएको गुन तिर्ने प्रधानमन्त्री दाहालको भनाइ छ । अहिले पनि आयोजनाको बाँधस्थल तथा सुरूङस्थलमा पुनर्निर्माणको काम जारी छ । वर्षा लाग्नेबित्तिकै आयोजनाको अवस्था के हुने भन्ने चासो र चिन्ता पनि उत्तिकै छ । आयोजनास्थलका स्थानीयबासीका मागलाई सम्बोधन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ । खास अर्थमा आयोजनाको भविष्य र दिगो सञ्चालनका अनेक प्रश्न पनि कायमै छ । प्रस्तुत छ, खानेपानीमन्त्री **महिन्द्रराय यादव**सँग राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता **रमेश लम्साल**ले गरेको कुराकानीः*

- नदीमा जम्मा भएको बालुवा ढुंगाको अवस्था हेर्दा जोखिम कायम छ भन्ने देखाउँछ ।
- दीर्घकालीन रूपमा आयोजनालाई खतरामुक्त बनाउन नयाँ खालको संरचना बनाउनुपर्छ, विज्ञहरूसँग यसबारेमा छलफल भइरहेको छ ।
- वर्षात्को समयमा पूर्णक्षमतामा पानी पठाउँदा त्यसबाट आइपर्ने जोखिमलाई पनि ख्याल गर्नुपर्छ ।
- अर्को वर्षको मार्चमा लार्के र याङ्ग्रीको हकमा सम्झौता गर्ने गरी तयारी गरेका छौं ।
- खोलाको संरक्षण तथा खानेपानी आयोजनाको दिगोपनको कामलाई एउटा प्याकेजमा नै अगाडि बढाउँछौं ।
- यस पटकको बजेटमा १०० वटा स्थानीय तहलाई पूर्णरूपमा स्वच्छ बनाउने योजना छ ।
- हाल २५ प्रतिशत नेपालीले मात्रै स्वच्छ पानी पिउन पाएका छन् । तराई मधेसमा पनि पानीको हाहाकार छ ।
- सन् २०३० सम्म सबै नेपालीलाई शुद्ध खानेपानी उपलब्ध गराउने हाम्रो प्रतिबद्धता पूरा गर्नुपर्नेछ ।
- नेपाली जनतालाई शुद्ध पिउने पानी उपलब्ध गराउन लागिपरेका छौं ।

**मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउने विषयमा प्रधानमन्त्री दाहालसहित उच्च सरकारी अधिकारीले हालै स्थलगत अनुगमन गरेको छ । अवस्था कस्तो रहेछ त ?**

यो हाम्रो राष्ट्रिय गौरवको आयोजना हो । यसको आवश्यकता र महत्त्व पनि आफ्नै छ । सरकारको सबै गौरवका आयोजनामध्ये पनि प्राथमिकतामा रहेको आयोजना हो । हाम्रो संविधानको मौलिक हकमा पनि खानेपानीलाई राखिएको छ । यस आधारमा प्रधानमन्त्रीले पनि यसलाई प्राथमिकतामा नै राखेर हेर्नुभएको छ । प्रधानमन्त्रीले यहाँको जनताको समस्या समाधान गर्ने र आयोजनाको समस्या पनि समाधान गर्ने विश्वास दिलाउनुभएको छ । काठमाडौंका जनतालाई नियमितरूपमा पानी उपलब्ध गराउने विश्वास दिलाउनुभएको छ । प्रधानमन्त्रीले आयोजनाको अवस्थाका बारेमा जानकारी लिनुभयो । आयोजनास्थलमा पुग्ने बाटोको अवस्थाका बारेमा पनि जानकारी लिनुभयो । खोलाको जुन अवस्था छ, त्यसलाई पनि नियन्त्रण गर्नुपर्नेछ । स्थानीयबासीले उठाउँदै आएको विकास निर्माणका कामलाई समाधान गर्ने विश्वास दिलाउनुभएको छ ।

देशका सबै राष्ट्रिय गौरवका आयोजनामा पुग्ने र समयमा नै सम्पन्न गर्ने सरकारको सोच छ । यस आधारमा पनि पनि यो महत्त्वपूर्ण छ । यो आयोजना जनताको प्रत्यक्ष जीवनसँग जोडिएकाले अब बजेटको अभाव नहुने भएको छ । सडक पुनर्निर्माणको कामलाई गति दिने, तटबन्धको कामलाई पनि गति दिन हामी लागिपरेका छौं । याङ्ग्री र लार्केको सडक निर्माणलाई पनि प्राथमिकतामा राखिएको छ । आगामी आवको बजेटमा त्यसका लागि १० करोड बराबरको बजेट विनियोजन गरिएको छ । सो बाटो निर्माण भएपछि थप ३४ करोड लिटर पानी ल्याउन सहज हुनेछ । सिन्धुपाल्चोक जिल्ला प्राकृतिक स्रोत तथा साधनमा धनी भए पनि विपद्को उत्तिकै जोखिममा छ । बाढीपहिरोले पनि सताएको छ । भूकम्पको समयमा पनि धेरै नै क्षति भएको छ । स्थानीय जनता आफैं पनि सचेत हुनु जरुरी छ ।

**आयोजनाको दिगो र व्यावसायिक सञ्चालनका लागि विपद्बाट जोगिएर अगाडि बढ्नुपर्ने आवश्यकता छ । त्यसका लागि सरकारले के कस्तो तयारी गरेको छ ?**

नेपाल सरकार र दातृ निकाय एसियाली विकास बैंकको तर्फबाट क्यानडाका प्राविधिकले यसको समग्र अवस्थाका बारेमा अध्ययन गरिरहेका छन् । सो अध्ययनको विवरण आएपछि पनि हामीलाई काम गर्न धेरै सहज हुन्छ । पानी परेको बेला आयोजनामा समस्या आउने सम्भावना अहिले पनि छ । नदीमा जम्मा भएको बालुवा ढुंगाको अवस्था हेर्दा जोखिम कायम छ भन्ने देखाउँछ । त्यसैले दीर्घकालीन रूपमा आयोजनालाई खतरामुक्त बनाउनका लागि पहल गर्नु जरुरी छ । हाल पानी पठाउने सुरुङमार्गभन्दा करिब पाँचदेखि ७०० मिटरभन्दा माथि समथर भूमि छ । त्यहाँ नयाँ खालको संरचना बनाउन सकियो भने हालको संरचना र लार्के तथा याङ्ग्रीको पानीसमेत एकै ठाउँमा जोड्न सकिन्छ भन्ने अध्ययनबाट देखिएको छ । आयोजनामा आएको समस्या समाधानका लागि विज्ञहरूसँग पनि यसबारेमा छलफल भइरहेको छ ।

**त्यसो भए वर्षाको समयमा यसपटक पनि आयोजना पूर्णरूपमा बन्द हुन्छ र पानी काठमाडौं आउँदैन त ?**

वर्षात्को अवस्था के हुन्छ, सोही आधारमा नै आवश्यक निर्णय हुन्छ । आयोजना पनि जोगाउने र पानी पनि उपलब्ध गराउने दुवै कोणबाट सोचिएको छ । वर्षात्को समयमा पूर्णक्षमतामा पानी पठाउँदा त्यसबाट आइपर्ने जोखिमलाई पनि ख्याल गर्नुपर्छ । दुई वर्ष पहिले आयोजनाको सुरुङ बन्द नगरेको भए ठूलो समस्या आउने थियो । यी सबै अवस्थालाई ख्यालमा राखेर सुरुङ बन्द गर्ने वा नगर्ने भन्ने हुनेछ ।

**क्यानडाको प्राविधिकहरूले हालसम्म सरकारलाई दिएको सुझावमा आयोजनाको दिगोपनका लागि केही उपायहरू छन् कि ?**

सुरक्षित स्थानको पहिचान गर्ने, त्यसको लागत अनुमान गर्ने काम भइरहेको छ । लार्के र याङ्ग्रीको पानीलाई पनि कसरी समायोजन गरेर जान सकिन्छ भन्ने बारेमा नै छलफल केन्द्रित छ । प्राविधिक टोली आयोजनास्थलमा नै छ । उहाँहरूले नियमितरूपमा नै अवस्थाको आँकलन गरेर अध्ययन गरिरहनुभएको छ । प्राविधिक टोलीले ढुंगा, माटो र समग्र भौगोलिक तथा भौगर्भिक अध्ययन गरिरहेको छ । सो समूहले छिट्टै हामीलाई प्रतिवेदन बुझाउँछ र हामी आवश्यक निर्णय गर्ने नै छौं । आगामी एक वर्षको बीचमा सडकको पुनर्निर्माणको काम र आयोजनालाई सुरक्षित बनाउने काम सम्पन्न गरेरै छाड्छौं । अर्को वर्षको मार्चमा भने लार्के र याङ्ग्रीको हकमा सम्झौता गर्ने गरी तयारी गरेका छौं ।

**आयोजनाको सुरक्षाका लागि बाढीपहिरो नियन्त्रणका लागि तटबन्धलगायतका कामलाई अविलम्ब सम्पन्न गर्नुपर्ने आवश्यकता छ । यसका बारेमा सरकारको तयारी के छ ?**

सडक पूर्वाधार निर्माण तथा तटबन्धको कामलाई छिटो सम्पन्न गर्न प्रधानमन्त्रीले स्थानीयबासीलाई सम्बोधन गर्नुभएको छ । खोलाको संरक्षण तथा खानेपानी आयोजनाको दिगोपनको कामलाई एउटा प्याकेजमा नै अगाडि बढाउने तयारी भएको छ । हामीले समग्र पक्षको अध्ययन गरेका छौं । स्थानीय जनताको समस्या पहिचान भएको छ । बीचमा मेलम्ची खानेपानी विकास समिति खारेज भएको थियो । मैले यो मन्त्रालय सम्हालेपछि नै समितिलाई पूर्णता दिइएको छ । समितिको बैठक आयोजना गरेर स्थानीयरूपमा उठेका मागलाई सम्बोधन गर्दछौं । यस्तै स्थानीय रूपमा गर्नुपर्ने मर्मतलगायतका काम पनि त्यसैबाट हुन्छ ।

**समिति खारेज हुँदा आयोजनाको काम प्रभावित भयो र अपेक्षित प्रगति हुन सकेन भन्ने थियो । त्यसैलाई ख्याल गरेर समिति पुनःस्थापना गरिएको हो ?**

समिति खारेज गरिएपछि काम गर्न पूर्णरूपमा अन्योलताको अवस्था सिर्जना भयो । दैनिक काम कारबाहीका लागि पनि कुन निकायले गर्ने भन्ने सन्दर्भमा आवश्यक व्यवस्था हुन सकेन । खारेज भएको समिति पुनःस्थापना गर्न पनि लामो समय लाग्यो । समिति भनेकै समस्या समाधान गर्ने निकाय हो । त्यसमा स्थानीय जनप्रतिनिधिदेखि उपभोक्ताका प्रतिनिधि पनि छन् । समिति बनाउन पनि सहमति कायम गर्न समय लियो । केही प्रतिनिधि अझै पनि बाँकी छन् । समितिले पूर्णता नपाए पनि बैठक अब रोकिँदैन । प्रक्रिया अगाडि बढ्छ ।

**काठमाडौं उपत्यकाभित्र पाइप जडानको काम पनि सकिएको छैन । त्यसलाई अगाडि बढाउन मन्त्रालय र समितिले कसरी काम गरिरहेको छ ?**

पानीको व्यवस्थापन यो परियोजनाले गरेको छ । वितरणको काम काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले गर्दै आएको छ । निर्माणको प्रक्रिया परियोजना कार्यान्वयन एकाइ (पिआइडी)ले गर्दै आएको छ । ती सबैलाई व्यवस्थापनका लागि एउटा बोर्ड छ । तीनवटै तहको समन्वयको अभावमा काम केही ढिला भएको छ । त्यसलाई गति दिन म आफैं लागिपरेको छु । बोर्डलाई चुस्त बनाउन मन्त्रिपरिषद्मा एक सचिवको नेतृत्वमा सम्बद्ध सबै मन्त्रालयका प्रतिनिधि राखेर एउटा संयन्त्र बनाएका छौं । सो समितिले समस्या समाधानका लागि आवश्यक पहल गरेको छ । समितिलाई अधिकार सम्पन्न बनाइएको छ । धेरै प्रकारका निकाय हुँदा काम गर्न समस्या भएकाले एकीकृत रूपमा अगाडि बढ्नका लागि एउटा निकाय बनाइएको छ । काम गर्न केही कानुनी उल्झनको समाधान गर्नुपर्नेछ ।

**काठमाडौं उपत्यकालगायत देशभरका खानेपानी आयोजनालाई समयमै सम्पन्न गरेर नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन मन्त्रालयको तर्फबाट के कस्ता योजना अगाडि सार्नुभएको छ ?**

यसपालिको बजेटमा विगतमा प्राथमिकतामा नपरेका विषयहरू परेका छन् । ऐनमा प्रस्ट व्यवस्था छ, खानेपानीसँगै सरसफाइ पनि हुनुपर्ने भएकाले खानेपानी तथा सरसफाइ मन्त्रालय हुनुपर्छ । पानी पिउनका लागि हो । यसले आपूर्ति पनि गर्छ । यसका प्रकृति र प्रावधानहरू यसका उद्देश्य तथा लक्ष्य मिलाउनका लागि हाम्रो प्रक्रिया अगाडि बढेको छ । सरसफाइ मौलिक अधिकार पनि हो । हामीले स्वच्छ नेपाल, स्वस्थ नेपालीको नारा पनि तय गरेका छौं । प्रधानमन्त्रीको निर्देशनमा नै उच्चस्तरीय समिति बनाउने प्रस्ताव भएको छ । यस पटकको बजेटमा १०० वटा स्थानीय तहलाई पूर्णरूपमा स्वच्छ बनाउने योजना छ । यस्तै एक हजार वटा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण गर्ने विषय पनि प्राथमिकतामा छ ।

हाल २५ प्रतिशत नेपालीले मात्रै स्वच्छ पानी पिउन पाएका छन् । तराई मधेसमा पनि पानीको हाहाकार छ । पानीको ट्युबेल सुकेको छ । विगतको तुलनामा बजेट यसपटक कम छ । तराई मधेसमा आर्सेनिक छ । विद्यालयमा पानीको प्रबन्ध गर्नुपर्नेछ । हिमालका पनि धेरै मुहान सुकेको छ । ठूला नदीबाट लिफ्ट गरेर पानी पुऱ्याउन आवश्यक छ । विद्युत्को डिमाण्ड शुल्क घटाउनेतर्फ पनि हामी लागेका छौं । नागरिकको मौलिक हकमा परेको खानेपानीको उचित प्रबन्ध गर्नका लागि सरकारको तर्फबाट आवश्यक पहल भएको छ । खानेपानीको शुल्क न्यून राखिएको छ । हाम्रो प्राथमिकता सन्तुलित विकास रहेको छ । सरसफाइका लागि पनि केही बजेट छुट्याइएको छ । त्यसबाट पनि अन्तर्राष्ट्रिय जगतबाट पनि लगानीको वातावरण बनाउन जरुरी छ । सन् २०३० सम्म सबै नेपालीलाई शुद्ध खानेपानी उपलब्ध गराउने हाम्रो प्रतिबद्धता पूरा गर्नुपर्नेछ ।

साधन स्रोत कम छ । काम धेरै गर्नुपर्नेछ । पानीको चुहावट नियन्त्रण गर्नुपर्नेछ । मूल्य निर्धारण गर्नुपर्ने अवस्था छ । पानीको उचित वितरण प्रणाली बनाउनुछ । पुराना वितरण सञ्जाललाई नयाँ बनाउनुपर्नेछ । निर्माणमा रहेका आयोजनालाई पूर्णता दिनुछ । यसमा प्रधानमन्त्री दाहालको पनि ठूलो लगाव र स्पष्ट मार्गनिर्देशन छ । हामी नेपाली जनतालाई शुद्ध पिउने पानी उपलब्ध गराउन लागिपरेका छौं ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# बुटवल उपमहानगरले ल्यायो २ अर्ब ३६ करोडको बजेट

**लुम्बिनी (प्रस)–** बुटवल उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि दुई अर्ब ३६ करोड ५४ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । उपमहानगरपालिकाको १३औं नगरसभामा आइतबार उपप्रमुख सावित्रादेवी अर्यालले प्रस्तुत गरेको बजेटमा संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान ३० करोड १७ लाख रूपैयाँ, ससर्त अनुदान ४७ करोड ९२ लाख, समपूरक अनुदान ८० लाख र विशेष अनुदान दुई करोड रूपैयाँ रहने अनुमान गरिएको छ ।

यस्तै, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान दुई करोड ३१ लाख ६९ हजार, ससर्त अनुदान दुई करोड नौ लाख ५० हजार र समपूरक अनुदान दुई करोड रूपैयाँ अनुमान रहेको छ । राजस्व बाँडफाँटबाट प्राप्त हुन अनुदान ३१ करोड ८५ लाख ३१ हजार र आन्तरिक आयतर्फ ९१ करोड रूपैयाँ राजस्व संकलन हुने र चालु अघिल्लो वर्षको बाँकी (अल्या) २६ करोड ३८ लाख ५० हजार रूपैयाँ हुने अनुमान गरिएको छ ।

बजेटमा उपप्रमुख अर्यालले शिक्षा र स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, रोजगार, उद्योग, व्यापार जस्ता क्षेत्रको समुन्नतिमा जोड दिएकी छन् । त्यस्तै, बजेटमा उज्यालो बुटवल, सफा, सुन्दर, हरियालीसहितको सुरक्षित र समुन्नत सहरका रूपमा विकास गर्नेलगायतका कार्यक्रम समावेश गरिएको छ ।

बजेटमा शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, समावेशीकरणतर्फ २७ करोड ४९ लाख रूपैयाँ, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि ४१ करोड १८ लाख, वडास्तरीय योजनाहरूका लागि १६ करोड ५० लाख, कृषि, पशुपक्षी विकास, पर्यटन, उद्योग, वाणिज्य, सहकारी र रोजगारतर्फ चार करोड ४० लाख, फोहोरमैला व्यवस्थापन तथा वातावरणतर्फ एक करोड ८३ लाख र सुशासन तथा सेवाप्रवाह, नगर विकासका लागि पर्याप्त बजेटको व्यवस्था गरिएको उल्लेख छ ।

प्रस्तुत बजेट कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सबै किसिमका कार्यविधिहरू आर्थिक वर्षको भदौ महिनाभित्रै स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने जनाइएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गर्दा वार्षिक नीति तथा कार्यक्रम, संघ र प्रदेशबाट प्राप्त भएका मार्गदर्शन तथा बजेट सीमा, नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकास लक्ष्य, आवधिक योजनालगायतलाई मुख्य मार्गदर्शनका रूपमा लिएको उल्लेख छ ।

यस्तै, बजेट तर्जुमा गर्दा विभिन्न राजनीतिक दलहरूबाट प्राप्त सुझाव, व्यावसायिक, सामाजिक संघसंस्था, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा सीमा निर्धारण समिति, वडा भेला, टोल विकास संस्था, नागरिक अगुवा, करदाता, जनप्रतिनिधिबाट प्राप्त सल्लाह, सुझाव एवं निर्देशनलाई आधार बनाइएको उपप्रमुख अर्यालले बताइन् ।

प्रस्तुत बजेटमा चालु आर्थिक वर्ष २०७९/८० जेठ मसान्तसम्मको वित्तीय स्थितिको समीक्षा गर्दा यस अवधिमा चालु खर्चतर्फ ७९ करोड ७४ लाख ३८ हजार अर्थात् ६४.०९ र पुँजीगत ५१ करोड ६८ लाख १५ हजार अर्थात् ४३.३५ प्रतिशत वित्तीय प्रगति भएको उल्लेख गरिएको छ ।

वित्तीय खर्च ८२ लाख ३३ हजार अर्थात् ८२.३४ प्रतिशत खर्च भएको देखाइएको छ । क्षेत्रगत रूपले खर्च प्रगति मापन गर्दा आर्थिक विकासमा ५७.१४ प्रतिशत, सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, महिला बालबालिका जस्ता क्षेत्रमा ६१.१० प्रतिशत र पूर्वाधार विकासतर्फ ४१.६२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ३९.०७ प्रतिशत भएको छ । त्यसैगरी, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ ७२.०५ प्रतिशत भएको छ । पुँजीगत खर्च आर्थिक वर्षको अन्त्यसम्म ७० देखि ८० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

आन्तरिक आय अनुमान ६० करोड रूपैयाँ गरिएकामा जेठ मसान्तसम्म ४२ करोड १२ लाख ५६ हजार रूपैयाँ मात्र प्राप्त भएको छ । असार मसान्तसम्म आन्तरिक राजस्व जम्मा ५० करोड रूपैयाँसम्म बढी राजस्व असुली हुने अनुमान गरिएको छ ।

यस अवधिसम्म नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँटबाट जम्मा एक अर्ब दुई करोड ५० लाख ९२ हजार रूपैयाँ प्राप्त भएको उल्लेख गरिएको छ ।

प्रस्तुत बजेटमा मुख्यतया उज्यालो बुटवल, सफा, सुन्दर, हरियालीसहितको सुरक्षित र समुन्नत सहरका रूपमा विकास गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, रोजगार, उद्योग, व्यापार जस्ता क्षेत्रको समुन्नतिमा जोड दिने बताइएको छ ।

यस्तै, नगरभित्र उपलब्ध प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने, नगरवासीको विकास र उन्नतिको आकांक्षालाई सामाजिक, आर्थिक र पूर्वाधार विकासमार्फत सामाजिक समावेशीकरणलाई आत्मसात् गर्दै नागरिकको समग्र विकासमा जोड दिने, स्थानीय सरकारलाई प्राप्त अधिकारलाई संस्थागत गर्दै संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यलाई जोड दिनेगरी बजेट निर्माण गरिएको बताइएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ६३ असार १० गते २०८० मा प्रकाशित MUNAL OVERSEAS PVT. LTD. को Lot No. 288252 को Kawader International Employment Services कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति: असार १७, २०८०** (July 2nd, 2023) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६४/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046


## बिमालेख हरायो

मिति २०८०/०२/०१ गते, टेकुदेखि कुलेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : विनोद बस्नेत**
**बिमालेख नं : १०७०१३८३५**
**Nepal Life Insurance Company**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं : ९८४९०००७६१**

**थाक्रे चुनढुंगा उद्योग (प्रा. लि.)**
**(लिक्वीडेशन) सम्बन्धमा**

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मितिः २०७८।१०।२० मा दर्ता भएको प्रा.लि.नं. २८३०४० को थाक्रे चुनढुंगा उद्योग (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः२०८०।०३।१० गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAQER AL FARAANA SECURITY SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No.288331 चलानी नं. ६०२०३६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 14 | 0 | 1200 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ र १९ गते (3 & 4 July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**J.P. Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**
पूर्व स्वीकृति मिति २०७९/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 275080 चलानी नं. ६०१९०६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 1 | 0 | 3500 | १२५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2100 | ७५,१८० | | | | | | | |
| 3 | Executive Sales | 1 | 0 | 2100 | ७५,१८० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 5 | General Clean Worker | 1 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1500 | ५३,७०० | | | | | | | |
| 7 | Representative | 1 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 8 | Sales Superviser | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 9 | Supervisor | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |

कम्पनी : **PINK PEARL TRADING,CONTRACTING & DECORATION**
पूर्व स्वीकृति मितिः २०८०/०२/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT No :286002 चलानी नं. ६०२०१४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ८९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 21 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 3 | LABOUR | 2 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 4 | MANAGER | 1 | 0 | 6500 | २३२,७०५ | | | | | | | |

कम्पनी : **CITIZEN CONTRACTING CLEANING AND SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७८,७६० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६४,४४० | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४३,२०५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६०,८६० | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ८९,५०० | | | | | | | |

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**
पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 287122 चलानी नं. ६०२०२५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Supervisor | 1 | 0 | 3500 | १२५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 4000 | १४३,२०५ | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 4 | Foreman | 8 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 5 | General Clean Worker | 4 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 7 | Labour | 20 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४२,९६० | | | | | | | |
| 9 | Supervisior | 3 | 0 | 2500 | ८९,५०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL YUSR INDUSTRIAL CONTRACTING CO.**
पूर्व स्वीकृति मिति २०७९/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 262375 चलानी नं. ६०१७८८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installation Worker | 1 | 0 | 1200 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ALMAJDOUIE AND DE RIJKE LIMITED COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No. 288344 चलानी नं. ६०२०३७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operane | 33 | 0 | 2500 | ८९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 18 | 0 | 1800 | ६४,४४० | | | | | | | |
| 3 | Upload And Download Worker | 11 | 0 | 1000 | ३५,८०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MOHAMMED Q.AL-RESHAIDAN CONSTRUCTION EST.**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No.288419 चलानी नं.६०२०३८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 9 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : **ARABIAN CONTRACTING DEVELOPMENT COMPANY**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No.288369 चलानी नं.६०२०३७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 1 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAUD FAISAL ABDULLAH AL-SHAMMARI FOUNDATION TO PROVIDE DRINKS**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No.288367 चलानी नं.६०२०३७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaner | 1 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1000 | ३४,७५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HARUMI BRANDS SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/१२/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 283616 चलानी नं. ६०१९८९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 1 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **PREMIER TECH PRECISION SDN BHD**
पूर्व स्वीकृति मिति २०८०/०३/१० LT. No. 287655 चलानी नं. ६०२०३७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 4 | 0 | 1500 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Dynamic Manpower Solution Pvt. Ltd**
श्रम ईजाजत नं.१५९४/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZAWYET WARDAT FLOWER EST**
पूर्व स्वीकृति मिति २०७९/१०/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०८ LT. No. 280219 चलानी नं. ६०१९५९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : **ROBOA AL-ASYAH FACTORY**
पूर्व स्वीकृति मिति २०८०/०२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०८ LT. No. 286433 चलानी नं. ६०२०१८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixer Driver | 2 | 0 | 1800 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६२,५६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १६ गते (1st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 280219, 286433 मितिः २०८०/०३/०९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: +977-1-5551901, 5011620, Fax: 977-1-5542407
E-mail: kmpower@wlink.com.np
Website: www.kapeelmanpower.com



## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLUE RIBBON LABOR SUPPLY SERVICES**
पूर्व स्वीकृति मितिः २०७९/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No.280112 चलानी नं. ६०१९५७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stevedore | 100 | 0 | 1200 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

कम्पनी : **NAQLEEN CO LTD**
पूर्व स्वीकृति मितिः २०७९/१२/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No.283558 चलानी नं. ६०१९८९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 20 | 0 | 1800 | ६२,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

# प्रभाव दैनिक

## रूपशाला

### 'बाडुल्की' मा समारिका र विकासको रोमान्स

रचना रिमाल र सागर जोशीको स्वर रहेको गीत 'बाडुल्की' सार्वजनिक भएको छ। हिमान्सु रायमाझी 'गोधुली' को शब्द र कृष्ण पाण्डे 'कृष' को संगीत रहेको गतिमा संगीत संयोजन र रूविन मगरको छ। गीतको भिडियोमा समारिका ढकाल र विकास सुवेदीको अभिनय छ। उत्तम श्रेष्ठ शिशिरको निर्देशन र राहुल बराइलीको कोरियोग्राफी रहेको भिडियोमा मुकेश हुमागाईंको छायांकन र विनोद बमको सम्पादन छ।





# नेपाल–अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव सुरु

**काठमाडौं (प्रस)**– नेपाल-अमेरिका अन्तर ाष्ट्रिय चलचित्र महोत्सवको छैटौं संस्करण अमेरिकामा सुरु भएको छ। बिहीबार वासिङ्टन डिसी मेरिल्याण्डस्थित एएफआई सिल्भर थियटरमा नेपाली चलचित्र 'ऐना झ्यालको पुतली' प्रदर्शनसँगै महोत्सव सुरु गरिएको हो।

महोत्सवमा कलाकार राजेश हमाल विशेष अतिथिको रूपमा उपस्थित थिए। हमालले आफू चलचित्र महोत्सवमा उपस्थित भएर नेपाली डायस्पोरालाई भेट्न पाउँदा खुसी लागेको बताए। 'फिल्म फेस्टिभलले नेपाली समुदायलाई जोड्ने माध्यम हो। नेपाली डायस्पोरालाई अनुरोध गर्छु, यसलाई सहयोग गर्नुस्, यसलाई हातेमालो गर्नुस्। किनभने फिल्मले तपाईंको भावना र मतिष्कमा कहिकही सम्बोधन गछ', हमालले




थपे 'तपाईंको दैनिकी वा जीवनलाई कुनै न कुनै हिसाबबाट सम्बोधन गर्छ, उत्प्रेरणा दिन्छ। त्यसैले यस्तो कलालाई नेपाली डायस्पोराले साथ र सहयोग गर्नुपर्छ।'

आइतबारसम्म चल्ने महोत्सवमा फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र, एनिमेसन गरी ११ देशका ३७ चलचित्र प्रदर्शन हुँदैछ। महोत्सव छनोट भएका चलचित्र ओल्ड ग्रिनवेल्ट थिएटरमा पनि प्रदर्शन हुने जनाइएको छ। महोत्सवमा निर्देशक सुवर्ण थापाको उपस्थितिमा 'द सेक्रेट अफ राधा' को विशेष प्रदर्शन हुने आयोजकले जनाएको छ। प्रदर्शन गरिएका मध्येबाट उत्कृष्ट चलचित्रहरूलाई विभिन्न अवार्डबाट पुरस्कृत गरिनेछ। त्यस्तै महोत्सवको दौरानमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे 'प्यानल' छलफल हुनेछ। म्यारिल्याण्ड राज्यको 'पार्क्स तथा योजना आयोग'को सहयोगमा उक्त छलफल हुने जनाइएको छ।

महोत्सवमा अमेरिका बस्दै आएकी पुराना अभिनेत्री ऋचा घिमिरे, अरुणिमा लाम्साल लगायतको समेत सहभागिता थियो।

# 'न वारमा छु, न पारमा छु' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं**– यही असार २९ गते प्रदर्शनको तयारीमा रहेको चलचित्र 'बगान'को गीत सार्वजनिक गरिएको छ। सार्वजनिक 'न वारमा छु, न पारमा छु' बोलको यस गीतमा सुरेश वाग्लेको शब्द सृजना, हरि लम्सालको संगीत र अञ्जु पन्तको स्वर रहेको छ। यसको भिडियोमा अभिनेत्री करिश्मा मानन्धरलाई प्रमुख स्थान दिइएको छ।

अभिनेत्री मानन्धरलाई एकल महिलाको रूपमा चित्रण गरिएको यो चलचित्रलाई अभिनेता सरोज खनालले निर्देशन गरेका छन्। यस चलचित्रमा सरोज खनाल, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नव अभिनेत्री प्रमिला कार्कीसँगै नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय रहेको छ। स्वप्न नीरवको कथामा आधारित रहि बनेको यो चलचित्रबाट अभिनेता खनालले निर्देशनमा र अभिनेत्री कार्कीले अभिनयमा डेब्यु गरेका हुन्।

नेपाली वेबसाइट डटकमको प्रस्तुती रहेको 'बगान'का निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन्। यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्शन रहेको छ। ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिङ मुकेश शाहको रहेको छ।

यो चलचित्र नेपाल र अमेरिकासहित नेपालीको बसोबास रहने विभिन्न देशहरूमा फिल्म प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ। 'बगान'को वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र बाहिर एफडी कम्पनीले गर्दै छ।



## रंगशाला

# नेपालको लगातार छैटौं हार



**काठमाडौं (प्रस)**– कीर्गिस्तानमा जारी काभा पुरुष भलिबल प्रतियोगितामा अन्तिम खेलमा पनि नेपालले पराजित भएको छ। आइतबार भएको खेलमा नेपाल उज्वेकिस्तानसँग ३-० को सोझो सेटमा पराजित भएको हो।

जारी प्रतियोगितामा नेपालको यो छैटौं हार हो। प्रतियोगितामा नेपालले कुनै खेल जित्न सकेन। बिस्केकस्थित स्पोर्ट्स एण्ड रिक्रिएसन कम्प्लेक्समा नेपाल उज्वेकिस्तानसँग २५-२१, २५-२२ र २५-२३ को सोझो सेटमा पराजित भएको छ।

नेपाल यसअघि पहिलो खेलमा मंगोलिया, दोस्रो खेलमा आयोजक किर्गिस्तानसँग पराजित भएको थियो। त्यस्तै तेस्रो खेलमा इरानसँग चौथो खेलमा तुर्किमिनिस्तान र पाँचौ खेलमा आयोजक किर्गिस्तानको बी टोलीसँग पराजित भएको थियो।

काभा पुरुष भलिबलमा नेपालसहित आयोजकको दुई टोली, इरान, मंगोलिया, तुर्किमिनिस्तान उज्वेकिस्तान गरी सात टोलीको सहभागिता रहेको छ। सिंगल राउन्ड रोबिनमा हुने प्रतियोगिताको शीर्ष दुई टोली उपाधिका लागि खेल्ने छन्।

# कन्चनरूप राइनोज फाइनलमा

**काठमाडौं (प्रस)**– कन्चनरूप राइनोज सप्तरीको राजविराजमा जारी सप्तरी प्रिमियर लिगको पाँचौ संस्करणको फाइनल पुगेको छ।

उपाधिको लागि उसले यस अघिनै फाइनलमा स्थान पक्का गरिसकेको बजाज खडक वारियर्ससँग सोमबार प्रतिस्पर्धा गर्नेछ।

लिग चरणको सम्पूर्ण खेलहरू समाप्त हुँदा बजाज खडक वारियर्स ५ खेलमा ४ जित पछि ८ अंक सहित शीर्ष स्थानमा रह्यो। कन्चनरूप राइनोज, छिन्नमस्ता लायन्स र रूपनी राइडर्सको समान ६ अंक रहेता पनि नेट रन रेटमा अघि रहँदै कन्चनरूप फाइनल प्रवेश गऱ्यो।

छिन्नमस्ता तेश्रो, रूपनी राइडर्स चौंथो स्थानमा रह्यो। बलान बिहुल ४ अंक सहित पाँचौ स्थानमा रहंदा डिफेन्डिङ च्याम्पियन राजविराज द किंग जितविहिन रहँदै पुछारमा रह्यो। पब्लिक विन्देश्वरी क्रिकेट मैदानमा आइतबार सम्पन्न जित्नै पर्ने खेलमा कन्चनरूप राइनोजले बजाज खडक वारियर्सलाई ३ विकेटले पराजित गऱ्यो।


## वर्ल्डलिन्क कम्यूनिकेशन्स लिमिटेड
### ललितपुर म. न. पा - ५, ललितपुर

### कम्पनीको वार्षिक साधारण सभा बस्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०३।१०**
**दोस्रो पटक प्रकाशित मिति २०८०।०३।११**

यस वर्ल्डलिन्क कम्यूनिकेशन्स लिमिटेड को मिति २०८०।०३।०८ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय, स्थान मा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८०।०३।२६ (तद अनुरुप ११ जुलाई)
**समय** : बिहान ११:०० बजे।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं ४, बालुवाटार।

**विशेष साधारण सभामा छलफल गरिने विषयहरु:**

**(क) साधारण प्रस्तावहरु:**
१) संचालक समितिको निर्वाचन।
२) स्वतन्त्र सञ्चालकको राजिनामा तथा नया स्वतन्त्र संचालकको नियुक्ति।

**(ख) विशेष प्रस्ताव**
१) कम्पनीको नियमावलीको नियम २७(३) संसोधन गर्ने सम्बन्धमा।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**अनुष्का भट्टराई**
**कम्पनी सचिव**



## मेलम्ची नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मेलम्ची, सिन्धुपाल्चोक
### बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

**प्रकाशित मितिः २०८०/०३/११**

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/ NCB/2079-80/37. | Upgrading Works Of BahunePati Khalde Road | M/S AD Nirman Sewa Kavre , Nepal | NRs. 27,43,979.02 |
| 2 | MMSI/WORKS/ NCB/2079/80/38 | Upgrading Works Of Fatkeshwor Chhapbhanjyang Road | M/S Chauki Bhanjyang Builders,Kathmandu | NRs. 20,33,955.52 |

प्रमुख प्रशासकीय अधिकृ



## साउदीमा रोजगारको अवसर

कम्पनी : GULF TIMING CONTRACTING EST
पुर्व स्वीकृति मिति २०८०/०३/१० LT No.288364 चलानी नं. ६०२०३६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १३६३/०७४/०७५
**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARENSI MARLEY (M) SDN. BHD.
पुर्व स्वीकृति मिति २०७९/०४/१५ LT. No. 268325 चलानी नं. ६०१८४२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 15 | 0 | 1500 | ४१८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १४६५/०७४/०७५
**Ever Bright Overseas Pvt.Ltd.**
Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITALLY INDUSTRIES SDN. BHD.
पुर्व स्वीकृति मिति २०८०/०३/१० LT. No. 288424 चलानी नं. ६०२०३७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४१८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1503/074/75
**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9801085037,9851004013



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIDL FAST FOOD BUFFET
पुर्व स्वीकृति मिति २०८०/०१/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१० LT. No. 285606 चलानी नं. ६०२०१०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABRENAL CLEANING SERVICES LLC
पूर्व स्वीकृति मितिः २०८०/०३/१० LT. No. 288222 चलानी नं. ६०२०३६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 5 | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १८ गते (3rd July. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1537/078/079
**WINNER HR SOLUTION PVT.LTD**
Maharajgunj-Chakrapath, Kathmandu, Nepal
Tel : 01-5911104
E-mail : winnerhrsolution2078



## कतारमा रोजगार

GENERIC ENGINEERING TECHNOLOGIES AND CONTRACTING पुनः विज्ञापन
पुर्व स्विकृति मितिः २०७९।०२।०३ चलानी नं. ६०१७९१३३ LT No. 262867

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 50 | काममा दक्ष | 1000 | 35801 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० असार १८ गते (3 July 2023) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

**TALENT OVERSEAS SERVICE PVT. LTD.** लागत खर्चः निःशुल्क
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९८०० | प्रति तोला – १०९३०० | प्रति तोला – १३३५ |

## पाँच महानगर बराबर ...

पृष्ठ २ बाट जारी

आवको अन्त्यमा बचत हुने मौज्दात रकमबाट ब्यहोरिने जनाइएको छ । चालु आर्थिक वर्षमा पोखराको बजेट ८ अर्ब ७७ करोड ७५ लाख ५५ हजार रहेको थियो ।

### ललितपुरले घटायो आकार

ललितपुर महानगरपालिकाले चालु आर्थिक वर्षको वार्षिक बजेटको तुलनामा १३.३६ प्रतिशत घटाएर आगामी वर्षको बजेट प्रस्तुत गरेको छ । चालु आर्थिक वर्षमा पूरक बजेटसहित महानगरले सात अर्ब ५० करोड ३५ लाख रूपैयाँको वार्षिक बजेट पारित गरेको थियो । आगामी आर्थिक वर्षका लागि छ अर्ब ५० करोड पाँच लाख रूपैयाँको बजेट प्रस्तुत भएको उपप्रमुख मञ्जली शाक्यले बताइन् ।

प्रस्तुत बजेटमा पुँजीगततर्फ चार अर्ब २१ लाख र चालुतर्फ दुई अर्ब ४९ करोड ८४ लाख रूपैयाँ छुट्याइएको छ । विनियोजित बजेटमा सडक पूर्वाधार, सम्पदा क्षेत्र, विपद् व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन, हरियाली पार्क निर्माण, एक वडा एक उद्यान, एक घर एक बोट अभियान, प्रत्येक वडामा सार्वजनिक शौचालय, आयोजना बैंक निर्माण, अपांगतामैत्री फुटपाथ निर्माणलाई जोड दिइएको उपप्रमुख शाक्यले बताइन् ।

हस्तकला प्रवर्द्धन, सहुलियतपूर्ण कर्जाका लागि बीउपुँजीको व्यवस्था, खानेपानी व्यवस्थापनका लागि बजेट, विपद् व्यवस्थापनका लागि सरसफाइ एम्बुलेन्सको अवधारणा लागू गरिने बजेटमा उल्लेख छ ।

### भरतपुरको ६ अर्ब ३१ करोड

भरतपुर महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि छ अर्ब ३१ करोड ७९ लाख रूपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ । महानगरको १३औं नगरसभामा आइतबार नगरउपप्रमुख चित्रसेन अधिकारीले बजेट प्रस्तुत गरेका हुन् ।

भरतपुर महानगरको आन्तरिक आयतर्फ एक अर्ब ७५ करोड, अन्तरसरकारी वित्तीय हस्तान्तरबाट एक अर्ब ८३ करोड ९९ लाख, संघ तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँटबाट प्राप्त ५४ करोड ८० लाख, जनसहभागिताबाट ५० करोड, बैंक मौज्दात एक अर्ब ६५ करोड, सडक बोर्ड नेपालबाट तीन करोड रूपैयाँ रहने प्रक्षेपण गरिएको छ । अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित एक अर्ब १० करोड रहने प्रक्षेपण गरिएको अधिकारीले नगरसभामा जानकारी दिए ।

चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र क्रमागत एवं बहुवर्षीय ठेक्का भएका योजनाहरू समयमै सम्पन्न गर्न एकमुष्ट एक अर्ब ६५ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ। चालु आर्थिक वर्षमा भरतपुर महानगरपालिकाले छ अर्ब २१ करोड १९ लाख रूपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ । अनुमानित आयमा २०८० जेठ मसान्तसम्म महानगरले आन्तरिक आम्दानी ९७ करोड ५८ अर्थात् ६६ प्रतिशत आम्दानी गरेको सभालाई जानकारी गराइएको थियो । व्ययतर्फ चालु शीर्षकमा दुई अर्ब ६६ करोड १० लाख १९ हजार विनियोजन भएकामा २०८० जेठ मसान्तसम्म एक अर्ब ७५ करोड ५८ लाख ८८ हजार अर्थात् ६५ प्रतिशत र पुँजीगततर्फ तीन अर्ब ५५ करोड नौ लाख ५५ हजार विनियोजन भएकामा एक अर्ब २१ करोड ९१ लाख ६९ हजार रूपैयाँ अर्थात् ३५ प्रतिशत खर्च भएको छ । कूल खर्च दुई अर्ब ९८ करोड पाँच लाख अर्थात् ४८ प्रतिशत भएको अवस्था रहेको सभामा जानकारी दिइएको थियो । गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको अधुरो कार्य पूरा गर्नका लागि संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी र सहकार्य गर्न तीन करोड रूपैयाँ विनियोजन गरिएको छ ।

### विराटनगरको तीन अर्ब

विराटनगर महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि कूल तीन अर्ब २८ करोड ५० लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । महानगरको १२औं नगरसभामा आइतबार उपप्रमुख शिल्पा निराला कार्कीले बजेट प्रस्तुत गरेकी हुन् ।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ ६८ करोड, पूर्वाधार विकास क्षेत्रतर्फ एक अर्ब ६५ करोड ५५ लाख, आर्थिक विकास क्षेत्रतर्फ तीन करोड ९६ लाख, सामाजिक विकास क्षेत्रतर्फ ८५ करोड २० लाखमध्ये स्वास्थ्यतर्फ १३ करोड ६७ लाख र शिक्षातर्फ ६७ करोड ९४ लाख, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ तीन करोड पाँच लाख र वातावरण तथा विपद् व्यवस्थापनतर्फ दुई करोड ७२ लाख रूपैयाँ विनियोजन गरिएको छ ।

आगामी वर्ष सञ्चालन हुने मुख्य आयोजनाहरूमा वडास्तरीय आयोजनाका लागि ३८ करोड, नगरस्तरीय आयोजनाका लागि २० करोड, वहुवर्षीय तथा गौरवका आयोजना एवं क्रमागत योजनाको भुक्तानीका लागि ६५ करोड, आरयुडिपीबाट निर्माण भएका पिच सडकहरू समेत गरी मर्मतसम्भार १० करोड, सडक बत्तीतर्फ एक करोड ५३ लाख ७५ हजार अन्य पूर्वाधारतर्फ २६ करोड ३७ लाख, फोहर पानी प्रशोधन केन्द्र दुई करोड ६५ लाख र समपुर कोषका लागि दुई करोड रूपैयाँ विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्षको अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतमध्ये संघीय सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ एक अर्ब १९ करोड २४ लाख र प्रदेश सरकारतर्फ चार करोड ५१ लाख, बाँडफाँटबाट प्राप्त राजस्वतर्फ ८० करोड २४ लाख, आन्तरिक आयतर्फ ९९ करोड ५० लाख, जनसहभागितातर्फ १० करोड, आन्तरिक ऋणतर्फ १० करोड, अन्य संघसंस्थातर्फ तीन करोड रूपैयाँ र नगद मौज्दातबापत दुई करोड आय हुने अनुमान बजेटमा गरिएको छ। चालु आर्थिक वर्षमा विराटनगरको बजेट तीन अर्ब ६२ करोड रूपैयाँको रहेको थियो ।

### वीरगञ्जको ३ अर्ब

मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगञ्ज महानगरपालिकाले अगामी आर्थिक वर्षका लागि तीन अर्ब २१ करोड रूपैयाँको बजेट ल्याएको छ । उपप्रमुख इम्तियाज आलमले गएको बुधबार उक्त बजेट नगरसभामा प्रस्तुत गरेका हुन् ।

'औद्योगिक तथा व्यापारिक सहर, सुसंस्कृत सभ्य हाम्रो वीरगञ्ज महानगर' भन्ने नारा बजेटमा सारिएको छ । उपप्रमुख आलमले चालुतर्फ कूल बजेटको ७७ प्रतिशत चालु खर्च, २२ प्रतिशत पुँजीगत खर्च र कूल बजेटको एक प्रतिशत वित्तीय व्यवस्थापनतर्फ छुट्याइएको जानकारी दिए ।

उनका अनुसार आगामी आवका लागि चालु खर्चतर्फ दुई अर्ब ४८ करोड ८५ लाख, पुँजीगततर्फ ६८ करोड ८७ लाख र वित्तीय व्यवस्थातर्फ तीन करोड ६३ लाख रूपैयाँ छुट्याइएको छ ।

आन्तरिक आयबाट एक अर्ब २० करोड ४४ लाख, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट एक अर्ब ३३ करोड २१ लाख, संघीय राजस्व बाँडफाँटबाट २५ करोड २४ लाख, प्रदेश वित्तीय हस्तान्तरणबाट पाँच करोड ४५ लाख र प्रदेश राजस्व बाँडफाँटबाट दुई करोड ८७ लाख रूपैयाँ ब्यहोरिने जानकारी आलमले दिए । प्रस्तुत बजेटमा आगामी आर्थिक वर्षका लागि शिक्षा क्षेत्र सुधारतर्फ १२ करोड २० लाख र खानेपानी तथा सरसफाइ क्षेत्रमा १२ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एवं विकेन्द्रित रूपबाट उपलब्ध गराउन विकेन्द्रित स्वास्थ्य सेवाका लागि तीन करोड ७५ लाख, यातायात पूर्वाधार क्षेत्रका लागि ५९ करोड, स्वयंसेवक शिक्षक कार्यक्रमका लागि चार करोड ७५ लाख, खेलकुद क्षेत्रका लागि एक करोड छुट्याइएको उपप्रमुख आलमले जानकारी दिए । महानगरपालिकाको चालु आवको बजेट तीन अर्ब ३३ करोड ६३ लाख रूपैयाँ रहेको छ ।

# 'संशोधन नभए बजेटबारे छलफल चलाउनु औचित्यहीन'

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा संशोधन नहुने हो भने त्यसबारे संसदमा छलफल चलाउनुको औचित्य नरहने धारणा सांसदहरूले राखेका छन् । सदनमा उठेका विषयलाई सरकारले स्वामित्वकरण गर्न नसकेको र औपचारिकताका लागि मात्रै छलफल चलाइएको धारणा सांसदबाट आएको हो ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत उपराष्ट्रपतिको कार्यालयको विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिनुहुँदै सांसद रमेश लेखकले बजेटमा संशोधन हुँदैन भन्नेकुरा विगतदेखिकै कार्यशैलीबाट स्थापित हुँदै गएको र प्रतिनिधिसभा नियमावलीले पनि त्यसलाई अनुमोदन गरेको बताए ।

'विनियोजन विधेयकका सन्दर्भमा हामीले यो संशोधन हुँदैन भन्ने धारणा बनाएका छौं । बजेटमा संशोधन हुँदैन भन्ने कुरा हामीले प्रतिनिधिसभा नियमावलीमा पनि राख्यौं', उनले भने, 'अरु विधेयकहरू सदनमा प्रवेश हुने, छलफल हुने, संशोधन हुने र ऐन बन्ने भनेर छुट्टै व्यवस्था गरिएको छ । त्यस्ता विधेयकमा संशोधन नै भन्ने शब्दावली राखिएको छ । तर विनियोजन विधेयकको हकमा हामीले संशोधन भनेर कतै भनेका छैनौं। त्यसमा खर्च कटौतीको प्रस्ताव भनिएको छ । यसकारण संशोधन भएर पनि जानसक्छ भन्ने धारणा नै फरक रह्यो ।'

विनियोजन विधेयकमा संशोधन नगर्ने हो भने यसरी मन्त्रालय छलफल गर्नुको औचित्य के हो भन्ने प्रश्न सदनभित्र र सदन बाहिर दुवैतिर उठिरहेको पनि उहाँको भनाइ छ । बजेटका सन्दर्भमा पनि सदनको भूमिका निर्धारण गरिनुपर्ने सांसद लेखकले बताए। बजेटमा पनि संसद्ले भूमिका खोज्ने गरी आधार तयार पार्न सकिने उनको भनाइ छ।

सांसद देवेन्द्र पौडेलले पनि संसद्मा उठाइएका विषयको औचित्यमाथि प्रश्न उठाए। सदनमा उठेका विषयलाई विषयगत मन्त्रालयले हेरेर सोहीअनुसार वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार पार्नुपर्नेमा जोड दिए ।

'हामीले यहाँ छलफल गरेर त्यस्तो छलफलका स्वामित्वकरण भएन भने त्यो केवल सुनाउनका लागि मात्रै हुन्छ । यही कारण संसदमा बोल्ने भनेको सुनाउने मात्रै हो भन्ने नकारात्मक अर्थमा टिप्पणी हुने गरेको छ । यो शैली सुधारका लागि हामी सबैले पहल गरौं', उनले भने, 'सदनमा उठेका विषयलाई सम्बन्धित मन्त्रालयले सुनेर सोहीअनुसार बजेट निर्माण गर्न सकेमा मात्रै त्यसको सार्थकता हुन्छ। त्यसका लागि कानुनी हिसाबले पनि सुधार गर्न जरुरी छ ।' मुलुकको अर्थतन्त्रको अवस्था सुधारका लागि सत्तापक्ष र प्रतिपक्षका रूपमा नभइ राष्ट्रिय सहमतिका आधारमा अघि बढ्नुपर्ने उनले बताए ।


सांसद मनिष झाले बजेटको अनुमोदन प्रक्रिया नै पुनःसंरचना गर्न आवश्यक रहेको बताए। 'बजेट अनुमोदन गर्दैगर्दा हाम्रा तर्क र तथ्यको औचित्य के छ भन्ने कुरा पनि प्रमुख हो । यो एउटा प्रक्रिया मात्र हो र यो प्रक्रिया गर्नैपर्छ भनेर गरेका हौं वा यो छलफल र मन्थनको केही अर्थ पनि हुन्छ ?', संसदमा प्रश्न गर्दै उनले भने, 'संवैधानिक अर्थमा कमजोर देखिएकाले पनि होला सहभागिता पनि कमजोर हुँदै गएको छ। यसकारण यो प्रणालीको पुनःसंरचना गर्न आवश्यक छ।'

सांसद रघुजी पन्तले आगामी आर्थिक वर्षको बजेटमा देखाइएको स्रोत व्यवस्थापन विश्वसनीय नदेखिएको बताए । त्यस्तै, राष्ट्रपतिले सल्लाहकार राख्न नपाउने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको पदेन अध्यक्ष बनाउनुपर्ने धारणा राखे। 'भारतमा राष्ट्रपतिले सल्लाहकार राख्ने चलन छैन । हामीले सल्लाहकार राख्नसक्ने कानुन बनाएर सुरुदेखि नै गल्ती गर्‍यौं। राष्ट्रपति चल्ने भनेको मन्त्रिपरिषद्को निर्णयबाट हो र राष्ट्रपतिको सल्लाहकार प्रधानमन्त्री हो', उनले भने, 'त्यस्तै, उपराष्ट्रपतिले राष्ट्रियसभाको अध्यक्षता गर्ने हो भने यसबाट खर्च कम गर्न सकिन्छ।'

# डोरी बाँधेर सोक्लाको भिर उक्लिँदा...

अगाडि बडेमाको नांगो पहरा । घाँस, बुट्यानको साटो डोरी झुण्डिएको थियो । चढ्नुपर्ने यस्तो पहरामा । बीचैमा अड्किए के होला, क्लिप खुस्किए वा डोरी चुडिए के गर्ने ?

■ डुक्पाछिरिङ मोक्तान





जेठ १८ गते दिउँसो २ बजेतिर जडीबुटीमा दोलखाको सोक्ला जाने बस रोकियो । काठमाडौंबाट दोलखाको चरिकोट गन्तव्य रहेको 'लास्ट बस' रहेछ त्यो दिनको । माउन्टेन गाइड एसोसिएसन अफ नेपालका गाइडहरू, नेपाल पर्यटन बोर्डका उपाध्यक्ष राजेन्द्र रिजाल र पत्रकार साथीहरू पालैपालो बस चढे । म छुट्ने कुरै भएन ।

सोक्लामा हमी रक क्लाइम्बिङका लागि जाँदै छौं । मेरो लागि यस्तो खेल पहिलोपटक नै हो । मैमात्र हैन, साथीहरू पनि निकै उत्साहित सुनिएँ । सुकुटे बिच हुँदै खाँडीचौर, मुडे बजार, खरिढुंगाको रमणीय दृश्य मनभरि कैद गर्दै रातको ८ बजे चरिकोट पुग्यौं ।

भोलिपल्ट (१९ जेठ) बिहानै भिमेश्वर पुग्यौं । दर्शन गरेर फर्कंदा स्काउटका विद्यार्थी सोक्ला जान हुल कस्सिसकेछन् । करिब आधा घण्टा ओरालो झरेपछि पुगियो सोक्ला । भिमेश्वर नगरपालिका वडा नं २ मा पर्नेरहेछ यो ।

हामी त्यहाँ पुग्दा पञ्चेबाजाको टोलीले जोडजोडले कर्णल फुक्यो । अनि सहनाइ, दमहा र टयाम्काको लयबद्ध आवाजले माहोल एकाएक रमाइलो बन्यो । नजिकै हातमा फूलको माला र खादा लिएर लामबद्ध भएर उभिएकाहरूले हामीलाई स्वागत गरे ।



ओहो ! जंगलको बीचमा अग्लो पहरा ! सुस्केरा हाल्दै बगेको तामाकोसी । स्थानीयको अनुहारमा खुसी छचल्किएको देखिन्थ्यो । अगाडि बडेमाको नांगो पहरा । घाँस, बुट्यानको साटो त्यहाँ डोरी झुण्डिएको थियो । यस्तो पहरामा चढ्ने कसरी होला ? कोही खासखुस गर्दै थिए । कोही फोटो र भिडियो खिच्न व्यस्त ।

अरु बडेमाको पहरा चढेको देख्दा मन आत्तियो । बीचैमा अड्किए के होला, क्लिप खुस्किए वा डोरी चुडिए के गर्ने ? मनमा डर भरियो । २० जना जति चढेपछि पालो आयो मेरो पनि । डोरीले कम्मर कसेपछि जे त होला, लामो सुस्केरा तान्दै पहरा उक्लिएँ डोरीको साहारामा । पहरा उक्लँदा क्यामरातिर हेर्दै पोज दिएँ ।

डोरी समाउने दाइलाई धेरै तान्नु भनिसकेको थिएँ। सजिलै २५ मिटर माथि पुगें। त्यसपछि विस्तारै ओरालो। दुई दिने रहेछ 'रक क्लाइम्बिङ' महोत्सव। भोलिपल्ट (२० जेठ) फेरि पहरा चढ्न चरिकोटबाट ओरालो झरें। अझ मज्जा आयो। चार सय मिटर उचाइमा रहेको सोक्लाको भीरमा अहिले २५ मिटरमात्रै खुला गरेको रहेछ। जसमा तीन वटामा रुट तयार गरिएको छ ।

त्यही दिन काठमाडौं फर्कनुपर्ने । हतारिँदै हामी चरिकोट उक्ल्यौं । अनि रक क्लाइम्बिङको पल मिठचाउँदै काठमाडौं फर्कियौं । महोत्सव नेपाल पर्यटन बोर्डको आर्थिक सहयोगमा सोक्लाश्वरी पर्यटन विकास समाजले आयोजना गरेको थियो ।

बाटोमा सबैभन्दा राम्रो रक क्लाइम्बिङ भएको बताउँदै थिए पर्यटन बोर्डका उपाध्यक्ष राजेन्द्र रिजाल । स्थानीय एकजुट भए नेपालकै 'नामी पर्यटन हब' बन्ने भन्दै हौस्याउँदै थिए उनी । 'भोलिका दिनमा पर्यटनका लागि यस ठाउँमा साइक्लिङ र ऱ्याफ्टिङ पनि गर्न सकिन्छ,' थप सम्भावना देखाए रिजालले ।

रक क्लाइम्बिङले समग्र गाउँको पर्यटनलाई योगदान पुग्ने सोक्लाश्वरी पर्यटन विकास समाजका अध्यक्ष अर्जुन पाखिनले बताए । रक क्लाइम्बिङले स्थानीयमा आत्मनिर्भर बनाउन तथा त्यहाँको अर्गानिक उत्पादनको बजारीकरणमासमेत टेवा पुग्ने अपेक्षा उनले व्यक्त गरे । सोक्लालाई 'रक क्लाइम्बिङ हब'को रूपमा विकास गर्ने समाजको तयारी रहेको उनले बताए ।

महोत्सवमा करिब २०० जनाले सोक्ला पहरा चढेको आयोजकले जानकारी दियो । सर्वसाधारणका लागि कहिलेबाट त ? जवाफमा पखिनले भने, 'भदौबाट खुल्छ ।' प्रतिव्यक्ति २५ सय रूपैयाँ शुल्क लिएर रक क्लाइम्बिङ गराउने तयारी रहेको उनले सुनाए । उक्त प्याकेजमा खाजा र क्लाइबिङ ड्रेससमेत समावेश गरिने उनको भनाइ छ ।

### सोक्लाको परिचय

सोक्ला दोलखा सदरमुकाम चरिकोटबाट करिब आठ किलोमिटरको दूरीमा पर्छ । कृषि मुख्य पेसा रहेको यस क्षेत्रमा कृषि पर्यटनसँगै, इको पर्यटन, सहासिक पर्यटन, पर्यापर्यटनलगायत प्रवर्द्धन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साथै, गौरीशकर शृंखलाको दृश्य हेर्ने गन्तव्य र धार्मिक अध्ययन अनुसन्धान गर्ने क्षेत्रको रूपमा पनि यस क्षेत्रलाई विकास गर्न सकिन्छ ।

सत्य युगमा तामाकोसीलाई रोकेर ताल बनाउन कालिञ्चोक क्षेत्रबाट आएका डिलढुंगाहरू उभिएको मिथकको प्रत्यक्षदर्शी बन्न यहाँ पुग्नैपर्ने हुन्छ । वनझाँक्री बस्ने गुफादेखि सोक्लाश्वर महादेवसम्मको कथा, बाघ नुहाउने ढुंगेधारादेखि गुमडाँडा पर्वतसम्मको किंवदन्ती र नागवेली तामाकोसीको सुन्दरता सोक्लाबाट अवलोकन गर्न सकिन्छ ।



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ